# बलवा नगरपालिका
Balwa Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
## बलवा, महोत्तरी
Balwa, Mahottari

मधेश प्रदेश, नेपाल
Mahesh Province, Nepal

पत्र संख्या :-२०८२/०८३

चलानी नं. :-

मिति:-२०८३।०१।२२

**बिषय:- ३५ दिने सार्वजनिक सूचना सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस नगरपालिका क्षेत्र भित्र नेपाल सरकारले स्वामित्वमा रहेको टहरा निर्माण भएको बाटो, अवरुद्ध हुने गरी विभिन्न किसिमका निर्माण सामाग्री बाटोमा राखेको सम्बन्धी गुनासो तथा जानकारी यस नगरपालिकामा प्राप्त हुनुका साथै स्थलगत अनुगमन तथा निरिक्षणबाट समेत देखिन आएकोले सार्वजनिक सम्पतिको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ ।१२।१३ गतेको निर्णयानुसार स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्य सुची अन्तर्गतको बुँदा नं. ९२ कार्यान्वयन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौंको पत्र संख्या २०८२।०८३ च.नं. ४१२ मिति २०८३।०१।१७ र जिल्ला प्रशासन कार्यालय महोत्तरीको पत्र संख्या २०८२।०८३ को चलानी नं. ३५२४ २०८३।०१।२१ गते पत्रानुसार यस नगरपालिका क्षेत्र भित्रका पार्क,खुल्ला क्षेत्र लगायतमा कसैले अतिक्रमण गरी निर्माण गरेको संरचना,टहरा ,घर,छेकावार वा अन्य किसिमबाट उपभोग गरिरहेको भए यो सूचना प्रकाशन भएको मितिबाट ३५ दिन भित्र स्वेच्छाले अतिक्रमण हटाई सम्बन्धित जग्गा खाली गरि दिनुहुन सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराईन्छ । साथै तोकीएको म्याद भित्र अतिक्रमण हटाईएको नदेखिएमा यस नगरपालिकाबाट अतिक्रमण हटाउने कार्य गरिनेछ र कानुन बमोजिमको कारवाहि गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

.....................

राम बिजय महतो

नगर प्रमुख

राम बिजय महतो

नगर प्रमुख

CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

श्री प्रशासन शाखा
202३।१।२१

पत्र संख्याः २०८२।०८३

चलानी नं. ४१२

मितिः २०८३।०१।१७

ने.सं. ११४६

विषयः सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै)।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१३ मा भएको स्थानीय तहको सम्पत्तिको संरक्षण सम्वन्धी व्यवस्था अन्तर्गत ऐ. ऐनको दफा ९७ मा गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्रको सम्पत्तीको संरक्षण सम्बन्धित गाउँपालिका, नगरपालिकाले गर्नुपर्ने व्यवस्था अवगतै छ । सो सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को एक सय बुँदे कार्ययोजनाको बुँदा नं. ९२ मा उल्लेख भएबमोजिम तहाँ गाउँपालिका, नगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न/गराउन देहाय वमोजिम हुन यस मन्त्रालयको मिति २०८३।०१।१७ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

देहायः

१. सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा गाउँपालिका/नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये वास्तविक सुकुम्वासी पहिचान गर्ने।
२. पहिचान भएका वास्तविक सुकुम्वासीलाई तत्काल अन्यत्र व्यवस्थापन गर्ने योजना (सुरक्षित आवास, स्वस्थ खानपान, गोपनियताको संरक्षण, औषधोपचार तथा परामर्श, महिला तथा अपाङ्गतामैत्री आवास कक्ष, सुरक्षा प्रवन्ध लगायत) तयार गर्ने।
३. पहिचान भएका वास्तविक सुकुम्वासीलाई व्यवस्थापन गरिसकेपछि सम्बन्धित जग्गाको अतिक्रमण हटाउने क्रममा सुरक्षा व्यवस्था आवश्यक भएमा सम्बंन्धित जिल्ला प्रशासन कार्यालयमा माग गर्ने।
४. आफ्नो गाउँपालिका/नगरपालिका क्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।
५. सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नगरिदिन र जोखिम पूर्ण स्थानमा वसोवास नगर्न आम जनतालाई सुसूचित गराउने ।

बलेवा नगरपालिका
दर्ता नं. २६२२
दर्ता मिति २०८३।०१।२१

१।१८
(दीपेश कट्टेल)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

CamScanner

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

महोत्तरी, जलेश्वर

प्र.जि.अ निवास - ०४४ -५२०१५५
कार्यालय - ०४४ -५२०१७७

प.सं. २०८२/०८३
च.नं. ~~९६ EE~~ ३५७८

मितिः-२०८३/०१/२१

**विषयः सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।**

श्री स्थानिय तह सबै, महोत्तरी।

उपर्युक्त सम्बन्धमा श्री गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, सिंहदरबार, काठमाण्डौको च.नं. ६५० मिति २०८३/०१/१७ गते समेतको पत्र यसै पत्रसाथ संलग्न छ । व्यहोरा सोहि पत्रहरुबाट अवगत गर्नु भई आवश्यक कार्यार्थको लागि तहाँ कार्यालयमा पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रशासकीय अधिकृत

श्री प्रशासन शाखा
२०८३।१।२१

बलवा नगरपालिका, महोत्तरी
दर्ता नं. २६७३
दर्ता मिति २०८३।०१।२२

E-mail: daomahottari@gmail.com / daomahottari@moha.gov.np

Website: daomahotari.moha.gov.n